STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज २५ गते सोमबार ❑ 11 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रजातन्त्रको विकल्प प्रजातन्त्र नै हो : प्रधानमन्त्री

पोखरापत्र संवाददाता
पोखरा, २४ असोज

प्रधानमन्त्री शेरबहादुर देउवाले प्रजातन्त्रको विकल्प प्रजातन्त्र नै भएको बताउनुभएको छ। गण्डकी प्रदेश सरकारद्वारा आयोजित साक्षर गण्डकी प्रदेश घोषणा समारोहमा उहाँले प्रजातन्त्र कसैले खोस्न नसक्ने र यसको खिलाफमा कसैले सपना नदेखे हुने स्पष्ट पार्नुभयो।

गण्डकी प्रदेशलाई साक्षर घोषणा गरी साक्षर प्रदेशको बासिन्दा भएकामा प्रदेशवासीलाई बधाइ व्यक्त गर्दै उहाँले नेपालको संविधानमा शिक्षालाई मौलिक हकका रूपमा राखिएको बताउनुभयो। शिक्षा मौलिक हक भएकाले सबैले पाउनुपर्ने उहाँको भनाइ छ। देशमा कोरोनाको रोकथाम र नियन्त्रणका लागि गरिएका प्रयासलाई अन्तर्राष्ट्रिय जगत् र विश्व स्वास्थ्य सङ्गठनले पनि सराहना गरेको उहाँले बताउनुभयो। साक्षरता र समृद्धिका बीचमा सोझो सम्बन्ध भएको कुरा विभिन्न अनुभव र अध्ययनले




प्रमाणित गरेको उहाँको भनाइ छ।

साक्षर र बाँकी निरक्षरको तथ्याङ्क यकिन गरी त्यसअनुरुप थप कार्यक्रम सञ्चालनका साथै बजेटको बन्दोबस्त एवं साक्षरलाई निरन्तरताका अवसर सुनिश्चित गर्नुपर्ने उहाँले बताउनुभयो। गण्डकी प्रदेशको इतिहास भानुभक्त आचार्य, मोतिराम भट्टजस्ता विद्धान जन्मेको क्षेत्र भएको उल्लेख गर्दै प्रधानमन्त्रीले प्रदेशलाई साक्षर प्रदेश घोषणा गरिनु महत्वपूर्ण उपलब्धि भएको धारणा राख्नुभयो। मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेशमा सम्भावना नै सम्भावना रहेको जनाउँदै यसलाई उजागर गर्न सङ्घ सरकारको सहयोग अपरिहार्य भएको बताउनुभयो। प्रदेशको लाइफ लाइनका रूपमा रहेको त्रिवेणीदेखि कोरोलासम्मको मार्ग निर्माणका साथै विभिन्न सडक पूर्वाधार विकास गर्नु आवश्यक रहेको उहाँले बताउनुभयो।

कतिपय आयोजना तथा कार्यक्रम जग्गा प्राप्त हुन नसक्दा अघि बढाउन नसकिएको जनाउँदै मुख्यमन्त्री पोखरेलले त्यसका आवश्यक सहजीकरण तथा सहयोग गरिदिन आग्रह गर्नुभयो। दक्षिण एसियाली खेलकुदका विभिन्न खेल सम्पन्न गरेको पोखरा रङ्गशालामा रात्रीकालीन खेलकुदका लागि बत्तीको व्यवस्थापनका साथै उपकरण जडान गर्न आवश्यक बजेट व्यवस्था गरिदिन पनि उहाँले प्रधानमन्त्रीको ध्यानकर्षण गराउनुभयो। राष्ट्रियसभाका अध्यक्ष गणेश तिमिल्सिनाले नेपाललाई शिक्षित नागरिकको देशका रूपमा चिनाउनुपर्नेमा जोड दिनुभयो। साक्षर प्रदेश घोषणासँगै निरन्तर शिक्षाका लागि जोड दिनुपर्ने उहाँको जोड छ।

गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारी, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठ, प्रदेश प्रमुख सचिव डा दामोदर रेग्मीलगायतले साक्षर प्रदेश घोषणा हुनु समग्र प्रदेशवासीको गौरवको विषय भएको बताउनुभयो।

## 'बन्दीपुरको एकीकृत विकासका लागि प्रदेश सरकार प्रतिबद्ध'

पोखरापत्र संवाददाता
तनहुँ, २४ असोज

राणा शासनविरुद्ध आन्दोलन चर्किरहेको थियो। श्रीभद्र शर्मा नेतृत्वमा नेपाली कांग्रेसको टोली पोखरा कब्जा गर्न अगाडि बढेको थियो। २००७ पुस २४ गते शर्मासहितको टोलीलाई केन्द्रबाट खबर आयो दिल्लीमा राणा-कांग्रेस सम्झौताका लाागि वार्ता चलिरहेकोले वार्ताको टुंगो नलाग्दासम्म कहिँकतै कब्जा नगर्ने भनेर।

उता तनहुँको कुन्छाबाट कुन्छाबाट गोवर्द्धन शर्मा, कृष्णदत्त वाग्ले, लालबहादुर गुरुङ, धर्मध्वज गुरुङ सहित युवाको टोली आन्दोलनमा होमिएको थियो। कुन्छामा सरकारी कार्यालय कब्जा गरेर अगाडि बढेको टोली अगाडि बढ्यो। उता बन्दीपुरमा आन्दोलनकारीको टोली जम्मा भइसकेको थियो। सेना आन्दोलन मत्थर पार्नेतिर लागिरहेको थियो। एकातिर वार्ता चलिरहेको थियो। अर्कोतिर गोबर्धन शर्मा, धर्मध्वज गुरुङ लगायत युवा अहिले नै बन्दीपुर कब्जा गर्नुपर्छ भन्नेमा थिए। १ माघ २००७ मा बन्दीपुरमा २० हजार भन्दा बढी मानिस जम्मा भएका थिए। आन्दोलन चलिरहँदा भिडन्त सुरु भयो। जुलुसमा सहभागी ६ जनाले ज्यान गुमाए। धर्मध्वज गुरुङ (पुलिमराङ), उत्तरकुमार श्रेष्ठ (तनहुँसुर), चन्द्रबहादुर सार्की (सिम्पानी), खड्गबहादुर गोदार (बसन्तपुर), सन्तबहादुर राना मगर (तनहुँसुर) र धर्मराज बतास (तनहुँसुर) लाइ हत्या गरी सेनाले भीरबाट खसाइदियो। बन्दीपुरको त्यही ठाउँमा अहिले सहिद स्मारक बाटिका निर्माण गरिएको छ। २०४९ सालमा उद्घाटन



गरिएको उक्त वाटिकमा सहिद स्तम्भ र समाधिस्थल बनाइएको छ। त्यही स्मारकमा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल शनिबार पुगेर श्रद्धाञ्जली अर्पण गरे। कृष्णचन्द्र बन्दीपुर क्रान्तिका अगुवामध्येका १ गोबर्द्धन शर्मामा माइला छोरा हुन्।

उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले बन्दीपुरको एकीकृत विकासका लागि प्रतिबद्ध रहेको भन्दै गुरुयोजना बनाएर काम अगाडि बढाउन आग्रह गरे। राणा शासनविरुद्धको आन्दोलन उत्कर्षमा पुगिरहेका बेला पहिला वीरगन्ज र त्यसपछि बन्दीपुरमा जनसरकार घोषणा भएको उनले बताए। बन्दीपुर कब्जा गर्नेबेलामा पुरुषका साथमा महिलाहरु पनि उत्तिक खटिएको स्मरण गरे। आन्दोनलमा उत्रनेदेखि घाइतेहरुको उपचारका लागि श्रीभद्र शर्माकी आमा र करुमाया रानासहितका महिलाहरु अग्रसर रहेको भनाइ उनको थियो। २००७ सालमा जहानीय शासनकाविरुद्ध आन्दोनमा उत्रनु भनेको त्यतिबेला असामान्य अवस्था भएको भन्दै उनले आन्दोलनमा उत्रनाका लागि चेतना भर्ने अगुवाहरुलाई राष्ट्रले सम्मान गर्नुपर्ने बताए। उनले भने, 'प्रजातान्त्रिक आन्दोलनका लागि बन्दीपुर नेपालमै अगुवा थलो हो, यस ठाउँको एकीकृत विकासका लागि व्यवस्थित योजना नै अगाडि बढ्नुपर्छ।' बन्दीपुर आफै ऐतिहासिक सहर भएको र पर्यटकीय महत्व बोकेको ठाउँ भएकाले त्यहाँ थप पर्यटक आकर्षित गर्ने खालका योजना ल्याउन पनि प्रदेश सरकारले सहयोग गर्ने उनले प्रतिबद्धता जनाए। प्रदेश सरकारको स्रोतले नपुगेको खण्डमा संघ सरकारसँग लबिङ गर्ने उनले बताए। कार्यक्रममा कांग्रेस तनहुँका पूर्व सभापति रघुनाथ पौडेलले बन्दीपुरलाई प्रजातान्त्रिक आन्दोलनको अध्ययनस्थलका रुपमा विकास गर्न सकिने भनाइ राखे। उनले भने, 'तनहुँ अनि बन्दीपुर प्रजातान्त्रिक आन्दोलनका लागि प्रख्यात छ, यसको महत्वलाई हामीले चारैतिर फिँजाउनु छ।'

कार्यक्रममा प्रदेश सांसद डोबाटे विश्वकर्माले गोबर्द्धन पोखरेलसहितको नेतृत्वमा बन्दीपुर कब्जा गरिएको भन्दै संघर्षबाट प्राप्त उपलब्धिको जगेर्ना गर्नु सबैको दायित्व रहेको बताए।

उक्त अवसरमा महासमिति सदस्य रामचन्द्र अधिकारी, नेविसंघ पूर्व महामन्त्री आनन्दराज त्रिपाठी, जिल्ला समन्वय समिति तनहुँ प्रमुख शान्तिरमण वाग्ले, नेपाली कांग्रेस बन्दीपुर सभापति कर्णबहादुर खत्री, बन्दीपुर पर्यटन विकास समिति अध्यक्ष किसान प्रधान, सहिद स्मारक बाटिकका अध्यक्ष कृष्ण पिया, कांग्रेस बन्दीपुर सचिव कर्णबहादुर गुरुङले सहिदको योगदान र बन्दीपुरको महत्वका बारेमा चर्चा गरेका थिए।

## संचारजगत संवेदनशील हुनुपर्दछ-मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, २४ असोज

गण्डकी प्रदेशका कानून, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले समाचार सम्प्रेषणमा सञ्चारजगत संवेदनशील हुनुपर्ने बताउनुभएको छ।

विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा नेपाल पत्रकार महासङ्घ कास्कीको आयोजना एवं राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन सङ्गठनको सहयोगमा आत्महत्या रोगथाममा सञ्चार माध्यमको भूमिका विषयक



अभिमुखीकरण कार्यक्रममा उहाँले मानवीय संवेदनालाई ध्यान दिँदै समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभयो। समाजमा हुने आत्महत्या प्रवृत्तिलाई निरुत्साहित गर्न सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका रहेको उहाँले बताउनुभयो। सत्यतथ्यमा आधारित समाचारले समाजलाई सकारात्मक सन्देश दिने बताउँदै उहाँले प्रत्येक व्यक्तिलाई आर्थिक, सामाजिक, मनोवैज्ञानिक तथा योगको माध्यमबाट तनावमुक्त बताउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य दुर्गा भण्डारीले पत्रकारले समाचार सम्प्रेषण गर्दा विकाउ भन्दा पनि टिकाउलाई ध्यान दिनुपर्नेमा जोड दिनुभयो। सो अवसरमा कोसिस नेपालका दिपेश भट्टराईले मानसिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पर्यटन विकासका लागि नीजि क्षेत्रसँगको सहकार्य आवश्यक

पोखरापत्र संवाददाता
पोखरा, २४ असोज

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी बरालले पर्यटनबाट आर्थिक समृद्धि हासिल गर्न सकिने बताउनुभएको छ। पोखरा पर्यटन परिषद्ले दशै, तिहार, छठको अवसरमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रमा मन्त्री बरालले पर्यटन आर्थिक समृद्धिको आधार भएकाले नीजि क्षेत्रसँग सहकार्य गरेर पर्यटन विकासमा जुट्न प्रदेश सरकार तयार रहेको बताउनुभयो।

उहाँले कोभिड १९ को महामारिले सुस्ताएको पर्यटन लाई चलायमान बनाउन पोखराको हिमा गृह, रत्न मन्दिर लगायतका नयाँ पर्यटकीय गन्तब्य खुलाउन पहल गर्ने बताउनुभयो। उहाँले अन्तराष्ट्रिय विमानस्थल पश्चात पर्यटकका लागि सुरक्षित गन्तब्यमा पुर्‍याउन फाष्ट ट्र्याकको आवश्यकता औल्याउँदै यसमा ध्यान दिने बताउनुभयो। पर्यटनलाई निर्वाहमुखी र तटस्थतावादी सोचबाट माथि उठाउन जरुरी रहेका औल्याउँदै सुखी नेपाली समृद्ध




नेपालको अभियानलाई सफल पार्न नीजि क्षेत्र र सकारबीच छलफल गरेर कार्ययोजना तय गर्नुपर्नेमा जोड दिनुभयो। महामारीको सामना गरिरहेका व्यवसायीलाई बैंक तथा वित्तिय संस्थाबाट आवश्यक सहयोग नभएको गुनासोलाई सम्बोधन गर्न पहल गर्ने बताउनुभयो साथै उहाँले प्रदेश स्तरीय बैंकको आवश्यता समेत औल्याउनुभयो।

कार्यक्रमा गण्डकी प्रदेशका प्रदेश सभा सदस्य राजीव पहारीले लेकसाइड पर्यटनको मुटु भएकाले यसलाई जोगाउनु पर्ने आवश्यता रहेको जनाउँदै पर्यटन मैत्री वातावरणका लागि तीनै तहको सरकारले ध्यान दिन जरुरी रहेको औल्याउनुभयो। सांसद पहारीले कोभिडका कारण लगानी डुबाउन बाध्य व्यवसायीको हितका लागि ल्याएका मौद्रिक नीति तथा व्यवसाय पुर्नजीवन कोषको रकम पहुँच हुनेले मात्र पाउन सकेको भन्दै सहज व्यवस्थाका लागि प्रदेश सरकारलाई आग्रह गर्नुभयो। पोखराको पर्यटन परम्परागत रुपबाट अघि बढिरहेको जनाउँदै अब नयाँ गन्तब्यको खोजी र प्रचार प्रसार आवश्यक रहेको उहाँको भनाइ थियो। परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराइले पोखराको पर्यटन चलायमान बनाउन सरकारले विशेष प्याकेज सहित कार्यक्रम ल्याउन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो। 'व्यिवसायीका अनगिन्ति समस्या छन्, सरकारले बुझ्न पर्‍यो।

आर्थिक समृद्धिको आधार पर्यटनलाई चलायमान बनाउन सरकारले प्योकज ल्याओस् हामी साथ दिन्छौ " देशको अस्थिर राजनीतिकको शिकार व्यवसायी भएको जनाउँदै सरकारले आफैले ल्याएको नीति कार्यक्रमको पालन गर्न नसकेको गुनासो गर्नुभयो। "सरकारलै नीति कार्यक्रम ल्याउने तर कार्यान्वयनमा चासो नदिँदा व्यवसायी मर्कामा परेका छन।" उहाँले पर्यटन आर्थिक समृद्धिको आधार भनेर भनिरहँदा पर्यटन क्षेत्रमा लगानी गर्न सरकारले चासो नदिएको बताउनुभयो। उहाँले हरेक कुरा केन्द्रीकृत मानसिकताले गर्दा पोखराका पर्यटन व्यवासायीले संघीयताको महसुस गर्न नपाएको उहाँको भनाइ छ। कार्यक्रममा वडा न ६ का वडा अध्यक्ष, पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष गोकर्ण कार्की, परिषदका उपाध्यक्ष पोमनारायण श्रेष्ठ, सचिव तारानाथ पहारी लगायतले पर्यटन पुनरुत्थानको आवश्यता सम्बन्धि धारणा राख्नुभएको थियो।



# इन्जिनियर सरकारका प्रविधिक सल्लाहकार : भौतिक पूर्वाधार मन्त्री कुमार खड्का

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**

लोकतान्त्रिक ईन्जिनियर हरुको साझा संस्था सेन्टर फर डेमोक्रेटिक ईन्जिनियर नेपाल नेपाल (सिडेन कास्की) को आयोजनामा उम्मेदवार परिचय तथा विजयादशमी, दिपावली , छठ पर्वको शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ।

पोखरा १२ कार्की डाँडामा वनभोज कार्यक्रमका विच नेपाल ईन्जिनियर्स एशोसिएसन (एन.इ.ए)को निवार्चनमा लोकतान्त्रिक समुहका उम्मेदवार हरुको परिचय परिचय सहित सो कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेशका भौतिक पुर्वाधार , शहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्काले गण्डकी प्रदेशमा सघर्ष गर्न सक्ने दक्ष प्रविधिकको अभाब भएको बताउनु भयो। इन्जिनियर भनेका सरकारका प्रविधिक सल्लाहाकार भएको बताउदै गण्डकी प्रदेश सरकार प्राविधिकको सल्लाह सुन्न र सोही अनुसार काम गर्न सधै तयार रहेको बताउनु भयो । उहाँले लोकतान्त्रिक इन्जिनियर हरुलाई विदेश पलायनको बाटो होइन देशमै आफ्नो दक्षता बढाउदै सर्घष गर्न आग्रह गर्नु भयो। आसन्न नेपाल इन्जिनियर्स एशोसिएसनको चुनावमा सबै तहमा सिडेनको विजयीको शुभकामना दिनुभयो।

नेपाली काग्रेसका कास्कीका सभापति कृष्ण केसीले पार्टीको तर्फबाट लोकतान्त्रिक प्यानललाई विजय गराउन सबै पार्टीका सबै संयन्त्र लागि पर्ने र अन्य जिल्लामा पनि समन्वय गर्ने प्रतिवद्धता गर्नु भयो। कार्यक्रममा योजना आयोगका पुवए उपाध्यक्ष जगदिश चन्द्र पोखेल, पालुङटार नगरपालिका गोर्खाका मेयर ई. दिपक बाबु कंडेल, सिडेनको तर्फबाट एन.इ.ए अध्यक्ष पदका उम्मेदवार ई .हरि बहादुर दर्लामी , केन्द्रिय सदस्य पदका उम्मेदवार ई. सागर भट्टराई, एन.इ.ए गण्डकी प्रदेशका सस्थापक अध्यक्ष ई. रमेश वास्तोला , सिडेन गण्डकी प्रदेश सभापति ई .सुरेन्द्र पाण्डे , तनहुँ सिडेनका अध्यक्ष ई. तारापती भट्टराई लगाएतले शुभकामना राख्नुभयो।

कार्यक्रमको समापन गर्दै सिडेन कास्कीका अध्यक्ष ई. शिरश कुमार बास्तोलाले इन्जिनियर हरुलाई देश निर्माण सभगिता गराउनु पर्नेमा जोड दिदै कांग्रेसको नेतृत्व तह देखि कार्यकरी समितीहरुमा प्रतिनिधित्व गराउनु पर्ने बताउनु भयो। कार्यक्रममा स्वागत सिडेन कास्की उपसभापती ई पुसोतम पगेनी र सन्चालन सिडेन कास्की सचिब ई सागर कार्कीले गरेका थिए।

# सुनासको १५ औ साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**



ट्रान्सपरेन्सी ईण्टरनेशनल नेपालको सहयोगी संस्था 'सुशासनका लागि नागरिक समाज (सुनास)' को १५औ साधारण सभा शनिबार सम्पन्न भयो।

साधारण सभामा भ्रट्राचार बिरूद्द र सुशासनको पक्षमा क्रियाशिल सो संस्थाका सहभागीहरूले सुनासले समाजमा भ्रष्टाचार बिरोधि अभियान चलाउन आग्रह गरे । सुनासले यस क्षत्रको भ्रष्ट्राचार बिरूद्ध काम गर्ने अगुवाई संस्था बन्नु पर्ने कुरामा जोड दिए। सभाको उदघाटन गर्दै ट्रान्सपरेन्सी नेपालका पूर्व उपाध्यक्ष आनन्दराज मुल्मीले मुलुकमा वड्दो भ्रष्टाचार र अनियमितता रोक्न नागरिक हस्तक्षेपको आबस्यकता औल्याए। सुनास कास्कीका अध्यक्ष रबीन्द्रनाथ बाँस्तोलाको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा पूर्व अध्यक्ष द्वय सुरेन्द्र थापा मगर र पुण्य पौडेलले सुशासन कायम गर्न सबै क्षेत्रलाई घच्घच्याउन अनुरोध गरे। सभामा सचिव बिष्णु अधिकारीले पेश गरेका बार्षिक प्रतिबेदन र विश्वमोहन अधिकारीले पेश गरेका कोषाध्यक्षको प्रतिबेदन पारित गरिएको थियो । कार्यक्रममा युवा स्वरोजगार कोषका कार्यकारी निर्देशक भएका संस्थाका कोषाध्यक्ष विश्वमोहन अधिकारीलाई सम्मान गरिएको थियो। कार्यक्रममा सचिव बिष्णु अधिकारिले संचालन र उपाध्यक्ष श्यामनाथ कुवँर स्वागत गरेका थिए।

# मगर जातिलाई विभाजन गर्ने षड्यन्त्र सफल हुन दिन्नौं : अध्यक्ष रोकामगर

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**



नेपाल मगर संघका अध्यक्ष नवीन रोकामगरले थरका आधारमा मगर जातिलाई विभाजित गर्ने षड्यन्त्रका विरुद्ध एकजुट भएर लाग्न मगर समुदायलाई अपिल गर्नुभएको छ।

नेपाल मगर संघ, कास्कीले आइतबार पोखरामा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै अन्तर्राष्ट्रिय मगर महासंघका अध्यक्ष समेत रहेका रोकामगरले मगर जातिभित्र भाषिक, सांस्कृतिक विविधता भएपनि मगर जाति हौं भन्ने भावना सबैमा रहेको उल्लेख गर्नुभयो । राष्ट्रिय जनगणना-२०७८ को सन्दर्भमा मगर जातिलाई विभाजित गर्ने दुष्प्रयास गर्न थालिएको भन्दै रोकामगरले विभाजनका विरुद्ध प्रतिवादमा उत्रिन अपिल समेत गर्नुभयो । मगर जातिको बारेमा गहिरो अध्ययन नगरी मगर जातिका बारेमा हुने टिकाटिप्पणीको कुनै अर्थ नरहेको भन्दै उहाँले मगर जातिको एकतालाई अझै बलियो बनाउन र जातीय सद्भाव कायम राख्न मगर संघले विशेष प्राथमिकता दिएको बताउनुभयो। थरका आधारमा दुनियाँमा कहीं पनि जाति नबनेको उल्लेख गर्दै अध्यक्ष रोकामगरले थरलाई जात बनाउन खोज्नु अल्पज्ञान भएको जिकिर गर्नुभयो । मगर जातिको मुख्य सातथरमध्येको एक थर पुनलाई मगर होइन भन्नेहरू मगरविरोधी भएको भन्दै उहाँले मगर जातिलाई विभाजित गर्ने षड्यन्त्र कदापि सफल नहुने दाबी गर्नुभयो । मगर जातिभित्र भएका भाषिक, सांस्कृतिक विविधतालाई समेटेर मगर जातिलाई एकताबद्ध बनाएर लैजान मगर संघ तयार रहेको भन्दै रोकामगरले मगर जातिको एकताले समग्र नेपालीको एकतामा समेत बल पुग्ने धारणा व्यक्त गर्नुभयो।

नेपाल मगर संघका महासचिव ज्ञानेन्द्र पुनमगरले हरेक जनगणनामा राजनीति हुने गरेको जनाउँदै मगर जातिको जनसंख्या कम गराउने षड्यन्त्र भएको दाबी गर्नुभयो । मगर जातिको सही तथ्याङ्क अझै आउन नसकेको भन्दै उहाँले जनगणनाका क्रममा जाति, भाषा र धर्मको महलमा सचेत एवं चनाखो हुनुपर्ने बताउनुभयो । आसन्न जनगणनामा जातिमा मगर, भाषामा मगर ढूट, मगर खाम/पाङ वा मगर काइके र धर्मको महलमा बौद्ध वा प्रकृतिपूजक लेख्न आग्रह गर्दै महासचिव पुनमगरले मगर जातिलाई विभाजन गर्ने कुनै पनि हर्कतको प्रतिवाद गर्न मगर संघ सधैं तयार रहेको चेतावनी दिनुभयो । टोल टोलमा मगर समुदायलाई सचेत बनाउँदै मगर जातिलाई पुनका नाममा विभाजित गर्न खोज्नेहरूको प्रतिवाद गर्न समेत उहाँले अपिल गर्नुभयो । नेपाल मगर संघका केन्द्रीय सल्लाहकार एवं नेपाल पुन मगर समाजका अध्यक्ष हर्कबहादुर पहरे पुनमगरले पुन मगर भएको भन्दै छुट्टै जात हो भन्नु मूर्खता भएको बताउनुभयो । मगर जातिको मुख्य थर मध्येको एक पुनलाई छुट्टै जात बनाउने कुनै आधार नभएको भन्दै उहाँले पुनलाई मगर जातिबाट अलग गर्न खोज्नेहरूको पुन मगर समाजले भण्डाफोर गर्ने चेतावनी दिनुभयो । नेपाल मगर संघ, कास्कीकी अध्यक्ष संगीता पुनमगरको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव रामबहादुर थापामगर र उपाध्यक्ष बुद्धिमाया थापामगरले स्वागत गर्नुभएको थियो । कार्यक्रममा कास्की जिल्लाभित्रका नेपाल मगर संघ, कास्की र नेपाल पुनमगर समाज, कास्की अन्तर्गतका पोखरा महानगर समिति, विभिन्न गाउँपालिका समिति, वडा समिति, एकाइ समिति एवं भ्रातृसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

नेपाल मगर संघले राष्ट्रिय जनगणना-२०७८ मगर जागरण राष्ट्रिय अभियान अन्तर्गत यसअघि, बागलुङ, म्याग्दी र पर्वतमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिसकेको छ।

# स्टार डाइनेग्लोष्टिक सेन्टरमा-ज्ञवाली

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**

पोखरा महानगरपालिका १० मा सञ्चालित स्टार डाइनेग्नोस्टिक सेन्टरको प्रारम्भिक साधारण सभा तथा अधिवेशन सम्पन्न भएको छ।

अधिवेशनले अर्जुन ज्ञवालीको अध्यक्षतामा पाँच सदस्यीय सञ्चालक समिति सर्वसम्वत निर्वाचित गरेको छ । सेन्टरको सदस्यमा महेन्द्र के.सी. सुनिता लम्साल, यशोधरा दुरा र मन्जु मौराली रहनु भएको छ।

पोखरा विश्वविद्यालयका पूर्व उपकुलपति (भिसी) प्रा.डा.बिष्णुराज तिवारीले अधिवेशनको उद्घाटन गर्दै सेन्टरले व्यवसायिक भन्दा पनि सेवामूलक कार्यमा जोड दिनुपर्ने आवश्यकता औल्याउनुभयो। स्वास्थ्य क्षेत्रलाई कार्यरत बनाउनु भएका यस क्षेत्रका १९ जना शेयर सदस्य रहनु भएको सेन्टरमा हालसम्म दुई करोड रुपैया लगानी भएको शेयर सदस्य नेत्र ढकालले जानकारी दिनुभयो।

कार्यक्रममा डा. लक्ष्मण बास्तोाल, नारायण बराल, कृष्ण बास्तोला,सुरेश थापा, सुदिप गौतम लगायतले सेन्टरले सहकारी लगायत समाजका गरिव एवम् विपन्न परिवारका लागि न्यूनतम शुल्कमा सेवा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

# देशभित्रै रोजगारीको अवसर सिर्जना गर्छौं : श्रममन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**तनहुँ, २४ असोज**

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले देशभित्रै रोजगारीको अवसर सिर्जना गर्नेतर्फ सरकार गम्भीर रहेको बताउनुभएको छ।

शुक्लागण्डकी उद्योग वाणिज्य सङ्घले आइतबार दसैंका अवसरमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले रोजगारी गुमाएकाको पुनःस्थापना अहिलेको चुनौती रहेकाले सबै क्षेत्रसँग समन्वय गरेर रोजगारीका अवसर सिर्जना गर्दै आत्मस्वाभिमानका साथ काम गर्ने वातावरण तयार पारिने बताउनुभयो । कोभिड-१९ महामारीले उद्योग धरासायी भएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले भन्नुभयो, "श्रमिकहरूले रोजगारी गुमाएका छन्, पछिल्लो तथ्याङ्क अनुसार १५ लाखले रोजगारी गुमाएका छन्, त्यसमध्ये पनि ५३ प्रतिशत अनौपचारिक क्षेत्रमा काम गर्नेछन् ।" उहाँले रोजगारउन्मुख सीपमूलक एवं व्यावसायिक तालिम, नीति, ट्रेड युनियनसम्बन्धी एकीकृत कानून र नियमन, बालश्रम निवारणसम्बन्धी नीति तथा कानून निर्माणका लागि ठोस योजना बनाइने बताउनुभयो । कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य आशा कोइरालाले उद्योगमैत्री नीति निर्माणका लागि सरकार प्रतिबद्ध रहेको जनाउनुभयो। उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिकुमार श्रेष्ठले कोरोना महामारीका कारण उद्योग क्षेत्र धरासायी भएकाले सरकारले उद्योग क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो।

# वालिङमा जिप दुर्घटना हुँदा दुईको मृत्यु

**पोखरापत्र संवाददाता**
**वालिङ, २४ असोज**

स्याङ्जाको वालिङ नगरपालिका-१० मदी खोलामा आज साँझ जिप दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ। वालिङबाट गल्याङ नगरपालिका-१० लाखुडाँडातर्फ जाँदै गरेको ग१ज ४९१८ नंको जिप कच्ची सडकबाट ५० मिटर तल खस्दा जिपमा सवार गल्याङ नगरपालिका-१० का ७७ वर्षीय दलबहादुर पल्ली र सोही ठाउँका ३२ वर्षीया गङ्गा पल्लीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायब उपरीक्षक एवं प्रहरी प्रवक्ता राजेन्द्रप्रसाद अधिकारीले जानकारी दिनुभयो।

जिपमा सवार १९ मध्ये दुईजनाको गल्हौं प्राथमिक अस्पताल वालिङमा उपचारका क्रममा मृत्यु भएको अस्पतालले जनाएको छ । उकालो कच्ची सडकमा जिप अनियन्त्रित भएर दुर्घटना हुँदा जिपमा सवार गल्याङ नगरपालिका-१० का ४ वर्षीया करिष्मा थापा, २६ महिनाकी अर्चल विक, २५ वर्षीय रामबहादुर पल्ली, ३ वर्षीय किरण पल्ली र २४ वर्षीया तिर्सना घाईते भएका छन्।

त्यस्तैगरी गल्याङ-१० कै ५५ वर्षीय रामबहादुर पल्ली, २२ वर्षीया विष्णु थापा, २७ वर्षीय अर्जुन थापा, ६० वर्षीया हुमा पल्ली, ५६ वर्षीया रीता गाहा, दुई वर्षीय एञ्जल गाहा, २२ वर्षीया पुष्पा पल्ली, ५५ वर्षीया भीमकुमारी पल्ली, तीन वर्षीया यमना पल्ली, ५५ वर्षीया लीलाकुमारी पल्ली, वालिङ नगरपालिका-१० बझाकोटकी २४ वर्षीया सपना थापा र दुई वर्षीय नवीन थापा घाइते भएका छन् । मध्यम घाइते भएका ६ जनालई थप उपचारका लागि पोखरा लगिएको छ भने सामान्य घाइते भएकाहरूको अहिले गल्हौं प्राथमिक अस्पताल वालिङमा उपचार भइरहेकोप्रहरीप्रवक्ताअधिकारीले बताउनुभयो। चालकको अवस्था सामान्य रहेको छ । प्रहरीले चालकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान सुरु गरेको जनाएको छ। दसैंको बेला वालिङ बजारबाट गाउँतर्फ फर्केका धेरै एउटै वडाका बासिन्दा परेका छन्।

# संचार जगत...

रोग र आत्महत्याको प्रयासकाबारेमा कार्यपत्रप्रस्तुत गर्दै नेपालमाप्रत्येक वर्ष पाँच हजार भन्दा बढी आत्महत्याका घटना हुनेगरेको जानकारी दिनुभयो।

विश्वमा एक सेकेन्डमा ४० व्यक्तिले आत्महत्याको प्रयास गर्ने गरेको तथ्याङ्क प्रस्तुत गर्दै उहाँले नेपाल प्रहरीको तथ्याङ्क अनुसार नेपालमा एक दशको अवधिमा ५० हजार व्यक्तिले आत्महत्या गरेका छन् भने गण्डकी प्रदेशमा मात्र २०७७ साल वैशाखदेखि असोज मसान्तसम्म ३८४ जनाले आत्महत्या गरेको उल्लेख छ । महासङ्घ कास्कीका अध्यक्ष बिमला भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महाङ्घका केन्द्रीय सदस्य त्रिभुवन पौडेल, अग्रज पत्रकार बद्रिविनोद प्रतिक, कोसिस परियोजना गण्डकी प्रदेश संयोजक सुदिप घिमिरे, महासङ्घका उपाध्यक्ष रामप्रसाद तिमिल्सिना, सचिव माधव बराल लगायतले आत्महत्याको न्यूनीकरणका सामूहिक प्रयासको खाँचो औल्याउनुभयो।



**रक्तदान जीवनदान**
**जीवनदान महादान**



## कपालको उपचार

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# राजनीतिमा भित्रिएको धनबाद

मुलुकको हरेक निर्वाचन यति धेरै महंगो भन्यो कि पैसा छैन भने जतिसुकै इमान्दार र प्रतिबद्ध भएपनि निर्वाचन जित्ने कल्पनै गर्न नसकिने भएको छ । पार्टीको आन्तरिक निर्वाचनमा पनि धनवाद, संघीय निर्वाचनमा, प्रदेश निर्वाचनमा पनि धनवाद हावी छ । स्थानीय निर्वाचनमा पनि धनवाद हावी भएको चर्चा सेलाएको छैन । अब त नेताको होस् या जनप्रतिनिधिको योग्यता मापन त पैसा मात्र हुने भएको छ । नेपाली कांग्रेस निर्वाचनमा महाधिवेशन प्रतिनिधि होस या पालिका सभापति लड्न चर्को शुल्क लिने गरिएको छ ।

हुँदा हुँदा मन्त्री र अन्य लाभको पद प्राप्त गर्न पनि पहिला ठूलो धनराशी बुझाउनु पर्ने गरेको छ । राजनीतिमा निरन्तरता, त्याग, सिद्धान्त जस्ता कुरा बेकार हुँदै गएका छन् । पैसा छ पद छ, पैसा छ पावर छ, पैसा छ परफमेन्स छ । पैसा छैन न पद, न पावर, न परफमेन्स । नेकपा एमाले विभाजन गरेर नेकपा एस बनाउन निक्कै सक्रिय रहेको मेटमणी चौधरीले अन्तत् पैसा नभएकै कारण मन्त्री बन्न पाएनन् । नत्र किसान श्रेष्ठ, प्रेम आलेहरू मन्त्री बन्दा उनी मन्त्री बन्न नहुने कुनै कारण र तर्क नै थिएन । एउटा टेलिभिजनलाई अन्तर्वार्ता दिने क्रममा चौधरीले घुमाउरो भाषामा पार्टीलाई पैसा बुझाउन नसकेकै कारण मन्त्री बन्न नसकेको तथ्य अभिव्यक्त गरेका छन् ।

राजनीतिमा नैतिकता, इमान्दारी, त्याग र सिद्धान्त हराएको छ । राजनीति नीतिले हैन धनको स्थितिले निर्धारण गर्ने अवस्था आएपछि इमान्दारले यस्तै हो भनेर आफैंलाई ढाँट्नुपर्ने भएको छ । राजनीतिमा धनवाद मौलाउनुमा नेताहरू मात्र जिम्मेवार हुन् त ? त्यसो चाहिँ पक्कै हैन । कार्यकर्ताको व्यवहार र नेताको बाध्यताले धनवाद मौलाएको हो । २०५१/०५४ को निर्वाचनसम्म कम्युनिष्ट पार्टीका मात्र हैन नेपाली कांग्रेस लगायतका दलका कार्यकर्ताहरू पनि इमान्दार थिए । चुनावी अभियान होस् या अरु जुनसुकै कार्यक्रम किन नहोस्, कार्यकर्ताहरू आफैँले पैसा उठाएर अभियान सञ्चालन गर्थे । आफू संलग्न पार्टीलाई तोकिएको लेबी इमान्दारीपूर्वक तिर्थे । आफ्नो पार्टीको नेतालाई जिताउन आर्थिक, भौतिक, बौद्धिक सबै प्रकारको सहयोग गर्न कार्यकर्ताहरू तयार रहन्थे । किनभने त्यतिबेला हरेक पार्टी कार्यकर्ता आफ्नो पार्टीप्रति गौरव गर्थे । हँसिया हथौडाको झण्डा उचालेर लाल सलाम भन्दा हरेक कम्युनिष्ट कार्यकर्ताको मुहारमा चमक आउथ्यो । चार तारे झण्डा उचालेर जय नेपालको नारा लगाउदा नेपाली कांग्रेसका कार्यकर्ताहरूले राष्ट्रप्रतिको जिम्मेवारी बोध गर्थे ।

अहिले त कार्यकर्ताहरू पार्टी सदस्यता आफू नविकरणसमेत गर्दैनन् । अधिवेशन ताका कुनै एकजना नेताले आफू निकटका कार्यकर्ताको सदस्यता नविकरण गरिदिनु पर्छ । झण्डा र ब्यानर कार्यकर्ताले आफैं पैसा तिरर लान्छन् भन्ने कुरा त किंवदन्ती नै बनिसकेको छ । अहिलेका कार्यकर्ताहरू नेताको पछि लागेपछि आफ्नो सबै खर्च त्यही नेताले ब्यहोर्नु पर्छ भन्ने भ्रममा हिडिरहेका छन् । नेताहरू पनि भ्रष्टाचार, तस्करी, गुण्डा संरक्षण जस्ता गैर कानुनी धन्दाबाट धन संकलन गर्ने र त्यसैको आडमा कार्यकर्तालाई अघिपछि लगाएर निर्वाचन जित्ने ध्याउनामा रहन्छन् । त्यही अवैध धन प्रयोग गरेर पद हत्याउने र अवैध धन नहुँदा पद गुमाउनु पर्ने तीतो यर्थाथ अहिले सबै दलका नेताहरूले भोगिरहेकै छन् । राजनीतिमा धनवादको यो श्रृखला अब सितिमिति टुङ्गिएला जस्तो छैन । पार्टीमा जुन प्रवृत्तिको बिरोध गरेर इमान्दार र त्यागको मूल्य मान्यता खोज्नेहरु झन ठूला धनबादका चँगुलमा परेका छन् ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : मन चञ्चल | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : कार्यमा सफलता | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पृथ्वीराजमार्ग तनहुँखण्ड : खाल्डाखुल्डीले दुर्घटनाको जोखिम

-कृष्ण न्यौपाने
दमौली, २४ असोज रासस

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँ खण्डमा खाल्डाखुल्डी पुर्न वर्षेनी करोडौं लगानी भए पनि राजमार्गको अवस्था भने सुधार आउन सकेको छैन । पृथ्वीराजमार्गका ७२ किलोमिटर पर्ने तनहुँमा ठाउँठाउँमा खाल्डाखुल्डीले गर्दा यात्रा गर्ने सर्वसाधारणलाई सास्ती त छँदैछ दुर्घटनाको जोखिम पनि बढाएको छ । जिल्लाका कोत्रे, हलेदी, गाछेपानी, मालेबगर, थर्पु, गुणादी, घाँसीकुवा, छिर्कन, डुम्रे बजार क्षेत्रका सडकमा खाल्डाखुल्डीले राजमार्गमा सडक जामसमेत हुने गरेको छ ।

ट्याक्सी चालक अमित श्रेष्ठले मुख्य राजमार्गकै अवस्थाका कारण सवारी चलाउन मुस्किल हुँदै आएको बताउनुभयो । "सडकको खाल्डाखुल्डीले निकै सास्ती छ, बिरामी लिएर पोखराका अस्पताल पुग्न गाह्रो छ", उहाँले भन्नुभयो, "भनेको समयमा पुग्न सकिदैन । खाल्डाखुल्डीमा गाडी चलाउँदा बिरामीलाई पनि सास्ती भइरहेको छ ।" पानी परेका बेला खाल्डामा पानी जम्ने र घाम लागेका बेला धुलो उड्ने समस्या पनि उत्तिकै रहेको उहाँले गुनासो गर्नुभयो । राजमार्गमा गाडी चलाउँदा असुरक्षित महसुस हुने गरेको चालक देव श्रेष्ठले बताउनुभयो । "राजमार्गको अवस्था हेर्दा यस्तो पनि सडक हुन्छ र भन्ने लाग्छ, ग्रामीण सडकको भन्दा पनि खत्तम छ", उहाँले भन्नुभयो, "सम्बन्धित निकायको बेवास्ताका कारण जनताले दुःख पाउनुपरेको छ ।"

पछिल्लो केही दिनयता भने सो राजमार्गका खाल्डा पुर्न थालिएको छ । गाछेपानी कोत्रे खण्डमा सडक डिभिजनले आफ्नै मेसिन प्रयोग गरेर सडकको खाल्डा पुरिरहेको कार्यालयका प्रमुख लक्ष्मी केसीले जानकारी दिनुभयो । पृथ्वीराजमार्ग सडक अहिले डिभिजनको क्षेत्राधिकारमा नपर्ने भएका कारण मर्मत गर्न नसकिएको उहाँले स्पष्ट पार्नुभयो । "यो सडक अहिले हाम्रो क्षेत्राधिकारमा पर्दैन । मुग्लिङ-पोखरा चार लेन सडकलाई हस्तान्तरण गरिसकेका छौं । आयोजनाको ठेकेदार फिल्डमा नआएकाले सडक डिभिजनको मेसिन र स्थानीय सामग्रीको प्रयोग गर्दै खाल्डा पुर्न थालेका हौं", उहाँले भन्नुभयो । क्षेत्राधिकारमा नपर्नेभएकालेपृथ्वीराजमार्गमर्मतका लागि कार्यालयसँग बजेट उपलब्ध नभएको उहाँले बताउनुभयो । "कार्यालयलाई अहिले सडक मर्मतका लागि पैसा आएको छैन, तर सर्वसाधारणलाई सास्ती भएको देखेर बजेट नभए पनि खाल्डा पुर्न थालेका हौं", उहाँले भन्नुभयो । राजमार्गको मुग्लिन पोखरा सडक एसियाली विकास बैंकक (एडिबी)को सहुलियत ऋणमा चार लेनको बन्दैछ । चार लेन सडक बनाउनलाई दुई खण्डमा विभाजन गरेर ठेक्का प्रक्रियामा गइसकेको छ । गत भदौ १३ गते सडक डिभिजनले मुग्लिङ-कोत्रे सडक खण्डको जिम्मेवारी मुग्लिङ-पोखरा सडक योजनालाई दिएको छ । चार लेन सडकको आँबुखैरेनी-जामुने पूर्वी खण्डको ४१.४५ किमी र जामुने-पोखरा ४५ किमीको दुई प्याकेजमा ठेक्का लगाइएको हो । बाउन्न वर्षअघि रेखाङ्कन भएको देशकै प्रमुख पृथ्वीराजमार्ग तनहुँमा ७२ किमी पर्दछ । सडक मर्मतका लागि मात्रै गत आर्थिक वर्ष २०७७/७८ मा रु एक करोड १७ लाख ७४ हजार ३६ खर्च भएको थियो । आर्थिक वर्ष २०७६/७७ मा रु पाँच करोड १८ लाख ४१ हजार एक सय ५५ खर्च भएको छ ।

# थप ५१६ मा संक्रमण

रासस
काठमाडौं, २४ असोज

विगत २४ घण्टामा ५९६ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार १२ हजार ४०४ जनामा कोरोना परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण देखिएको हो ।

आइतबार थपिएका सँगै देशभर सक्रिय सङ्क्रमित १५ हजार २४ रहेका छन् । पछिल्लो २४ घण्टामा ८७१ जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै अहिलेसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ७५ हजार ९४३ पुगेका छन् । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६.७ प्रतिशत छ । यस्तै सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा १० जनाको ज्यान गएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार २३१ जनाको निधन भइसकेको छ । हाल देशभर ३२२ सघन उपचारकक्ष (आइसियू), ११३ भेन्टिलेटर, १३ हजार ८५९ होम आइसोलेसन, एक हजार १६५ संस्थागत आइसोलेसन र २३४ जना क्वारेन्टिनमा छन् ।आज ७८ हजार ९२७ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

# खुल्यो कृषि हाट तथा थोक बजार

पोखरापत्र संवाददाता
बलेवा, २४ असोज रासस

बागलुङ बजारमा कृषि हाट तथा थोक बजार सञ्चालनमा आएको छ । किसान, व्यवसायी र सरोकारवाला संस्थाको आग्रहपछि बजार सञ्चालनमा ल्याइएको हो ।

बागलुङ नगरपालिका-३ गुठीमा सञ्चालनमा आएको 'कृषि हाट तथा थोक बजार'को बागलुङ नगर प्रमुख जनकराजपौडेलेलेशुभारम्भगर्नुभएको हो । कृषि ज्ञानकेन्द्र, नगरपालिका र उद्योग वाणिज्य सङ्घको समन्वयमा हाट तथा थोक बजार व्यवस्थापन समितिले बजार सञ्चालनमा ल्याएको हो । सो अवसरमा नगरप्रमुख पौडेलले "हिजो बजारबाट ल्याएर खाने अहिले गाउँकै अर्गानिक उत्पादन खान थालेका छन् । किसानले कर्मबाट चाहेको जति उपलब्धि हासिल गर्न सकेका छैनन् ।" गुठीमा हरेक हप्ता शनिबार हाट बजार र अन्य दिन थोक बजार सञ्चालनमा आउने हाट तथा थोक बजार व्यवस्थापन समितिका अध्यक्ष नरबहादुर थापाले बताउनुभयो । समितिले हरेक दिन फलफूल तथा तरकारीको मूल्यसमेत तोक्नेछ । अहिलेसम्म बागलुङमा फलफूल तथा तरकारीको मूल्य बजारमा मोलमोलाइकै आधारमा निर्धारण हुने गरेको थियो । किसानको उत्पादनले मूल्य पाउने र उपभोक्ताले ताजा फलफूल तरकारी पाउने वातावरण बनाउनका लागि हाट तथा थोक बजार सञ्चालनमा ल्याइएको कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले बताउनुभयो । "थोक बजारबाट अरु व्यापारीले पनि किनेर लैजान सक्नुहुन्छ, पाँच किलोभन्दा माथि लानेले थोक मूल्यमा फलफूल तरकारी पाउनुहुन्छ", उहाँले भन्नुभयो, "बाहिरको तरकारी यहाँ ल्याउन पाइँदैन, बागलुङमै फलेको तरकारीले स्थान पाउनुपर्छ ।" सङ्घका अध्यक्ष युवराज राजभण्डारीले किसान आफैंले बिक्री गर्ने भएकाले उपभोक्ताले ताजा तरकारी पाउने बताउनुभयो । सङ्घले बजारलाई सघाउने उहाँको भनाइ थियो ।

जिल्ला कृषि सहकारी सङ्घसँग सहकार्य गरेर नगरपालिकाले बजार निर्माणका लागि नगरपालिकाले पहिलो चरणमा पाँच लाख बजेट विनियोजन गरेको थियो । बजार निर्माण भएपछि दुई वर्षअघि नै सञ्चालनमा ल्याउने योजना भए पनि कोरोना महामारीका कारण निरन्तरता पाउन सकेको थिएन । थोक बजारसमेत थपेर दुई वर्षपछि शुभारम्भ गरिएको हो । विषादीयुक्त कृषिउपज महँगो मूल्यमा खरिद गर्नुपर्ने आम उपभोक्ताको बाध्यतालाई मध्यनजर गर्दै कृषि हाट तथा थोक बजार सञ्चालन गरेको प्रमुख पौडेलले जानकारी दिनुभयो । आम उपभोक्ताले सुपथ मूल्यमा अर्गानिक कृषिउपज सोझा किसानको खेतबारीबाट हाट बजारमा ल्याएर बिक्री गर्ने व्यवस्था मिलाउने समितिले जनाएको छ ।

कृषि हाट बजार सञ्चालनमा आउँदा कृषि उपजका बिचौलियाको अन्त्य हुने नगरपालिका प्रमुख पौडेलले बताउनुभयो । हाल दुई हजार वर्गफिटमा १० कक्ष रहनेगरी पाँच वर्षका लागि जग्गा भाडामा लिएर त्यहाँ टहरा बनाइएको छ । जग्गाको भाडा बागलुङ नगरपालिकाले बेहोर्ने छ ।

# नेपालको पर्यटन विकासमा युएनडब्लुटिओको साथ

रासस
काठमाडौं, २४ असोज

संयुक्त राष्ट्रसङ्घीय विश्व पर्यटन सङ्गठन (युएनडब्लुटिओ) नेपालको पर्यटन विकासका लागि सहकार्य गर्न सकारात्मक देखिएको छ । माल्दिभ्समा आयोजित (युएनडब्लुटिओ) एशिया प्यासिफिक क्षेत्रको पर्यटन नीति र रणनीति विषयक तालिमका अवसरमा भएका अन्तरक्रिया तथा द्विपक्षीय छलफलका क्रममा युएनडब्लुटिओ नेपालको पर्यटन प्रवर्द्धनका लागि सकारात्मक देखिएको नेपाल पर्यटन बोर्डले जनाएको छ ।

माल्दिभ्समा यही असोज १९ देखि २२ सम्म आयोजित उक्त कार्यक्रममा युएनडब्लुटिओका महासचिव जुराब पोलोलिकास्भिल्ली र क्षेत्रीय निर्देशक ह्यारी ह्वाङसँग बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मीसँगको भेटमा महासचिव जुराब र क्षेत्रीय निर्देशक ह्यारीले सो धारणा राखेको बोर्डले आज विज्ञप्तिमार्फत जनाएको हो ।

# च्याङ्ग्रा महँगियो त के भो ? लोकल कुखुरा छन् !

-रामबहादुर थापा
बागलुङ, २४ असोज

हो, दसैँमा च्याङ्ग्राको मासु खान सबैको गच्छेले भ्याउँदैन । यसपालि त झन् च्याङ्ग्रा धेरैका लागि रहरमा मात्र सीमित हुनेवाला छ ।

बजारमा रोज्जा च्याङ्ग्रालाई रु ४० हजार पर्छ । पसलबाट मासु किनेर खाँदा प्रतिकिलो रु दुई हजार ।अब आफैं भन्नुस्, आम मान्छेले कसरी खान सक्छन्, च्याङ्ग्राको मासु । यो त केवल हुनेखानेको भान्सामा मात्र पो पाक्ने भयो । के गरिब र श्रमजीवीले दसैँमा मिठोमसिनो खान नपाउनु ! यो प्रश्नले हर कोहीलाई बिझाएको हुनुपर्छ । हिमालपारिबाट भित्रिने च्याङ्ग्राको भाउ बर्सेनि बढेकै हुन्छ । पछिल्ला चार वर्षमा च्याङ्ग्राको मूल्य दोब्बरले महँगिएको व्यापारी बताउँछन् । कोभिड-१९ का कारण तिब्बतबाट च्याङ्ग्रा कम आउनु, बढ्दो करजस्ता कारणले मूल्य आकाशिँदै गएको हो । व्यापारी महेन्द्र केसीले मुस्ताङको जोमसोम पुगेर दसैँलाई च्याङ्ग्रा ल्याएको बताउनुभयो । भाउ महँगिएका कारण पहिले भैं धेरै च्याङ्ग्रा नल्याएको उहाँले सुनाउनुभयो । सदरमुकाममा मासु पसलसमेत चलाउँदै आउनुभएका केसीले एकलिलो च्याङ्ग्रोको मासुलाई रु एकसय ८०० मा बेच्दै आउनुभएको छ । उहाँका अनुसार कतिपय पसलेले रु दुई हजारसम्ममा बेच्ने गरेका छन् । यसरी च्याङ्ग्राको भाउ छोइनसक्नुभएका बेला यहाँका कुखुरापालक किसानले दसैँमा स्वादिष्ट लोकल कुखुरा उपलब्ध गराएका छन् । भाउ पनि च्याङ्ग्राभन्दा सस्तो छ ।

गलकोट नगरपालिका-६ मजुवाफाँटस्थित दरमखोला एग्रीकल्चर एण्ड लाइभस्टक फार्मका सञ्चालक छुमबहादुर थापाले ३०० लोकल कुखुरा बेच्नका लागि ठिक्क भएको बताउनुभयो । साकिने, घाँटीखुइले, उल्टेलगायत लोकल जातका कुखुरा फार्ममा छन् ।

"एक किलाको रु ७५० मूल्य छ, चाडबाडमा कुखुराको बिक्री बढी हुन्छ", उहाँले भन्नुभयो, "दसैँमा बोका, च्याङ्ग्रा किन्न नसक्नेलाई लोकल कुखरा नै ठिक छ ।" स्वादिष्ट र स्वस्थकर हुने हुँदा लोकल कुखुराप्रति उपभोक्ताको रुचि छ । लोकल जातका कुखुराको व्यावसायिकपालन पनि बढ्दो छ । बागलुङ नगरपालिका-४ रातमाटाका अगुवा किसान वैकुण्ठ सापकोटाका अनुसार जिल्लाभर ५० भन्दाबढी किसान लोकल जातका कुखुरापालनमा संलग्न छन् । पहिले ब्रोइलर, कोइलर जस्ता उन्नत प्रजातिका कुखुराको बजार अत्यधिक थियो । "दसैँमा च्याङ्ग्राको मासु महँगो भएर के भो र ? लोकल कुखुरा, खसीबोका छँदै छन् नी !", उहाँले भन्नुभयो, "ग्राहकलाई चाहिने जति कुखुरा दिन व्यवसायी तयार छन् ।" स्थानीय उत्पादनको प्रयोगले किसानलाई प्रोत्साहन मिल्नुका साथै आन्तरिक बजार चलायमान हुने उहाँको भनाइ छ । उहाँले सञ्चालन गरेको सापकोटा कृषि फार्ममा अहिले ५०० लोकल कुखुरा छन् । फार्ममा साकिनी, गुजुमुजे, उल्टे र घाँटीखुइले जातका कुखुराको व्यावसायिकपालन हुँदै आएको छ । कडकनाथ, बेन्टम, सिल्की र पोलिस जातको आयातित कुखुरा पनि पालिएको छ । यस्तै चरा प्रजातिका बट्टाइ र टर्की छन् । उपभोक्ताले इच्छाएको कुखुरा फार्मबाट किनेर लैजान सक्छन् । लोकल साकिने जातको भाले प्रतिकिलो रु ८०० मा बिक्री भइरहेको उहाँले बताउनुभयो । आयातित कुखुराको भाउ भने चर्को छ ।

लोकल जातको कुखुरा हुर्कन समय लाग्ने हुँदा पाँच/छ महिनापछि मात्र बेच्न योग्य हुन्छ । खुला ठाउँमा चर्ने र गाउँकै दानापानी खाने भएकाले लोकल कुखुरा पौष्टिक र स्वादिष्ट हुन्छन् । "ब्रोइलर कुखुरालाई जस्तो नियमित भ्याक्सिन, औषधि दिनु पर्दैन", उहाँले भन्नुभयो, "बारी र पाखामा छोडेर हुर्काउने गरिन्छ ।"

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# सहकारी निती, विधि र प्रविधि सहित उत्पादनसंग जोडिनु पर्दछ

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**

सहकारी निती, विधि र प्रविधि सहित उत्पादनसंग जोडिनु पर्नेमा एक कार्यक्रमका बक्ताले जोड दिएका छन् ।

सफल वचत तथा ऋण सहकारी संस्था लिमिटेडको १४ औं बार्षिक साधारण सभामा बोल्ने बक्ताहरुले सहकारीद्धारा संकलित पुँजीलाई उत्पादनसंग जोडनुको विकल्प नभएको बताए । कास्की वचत तथा ऋण सहकारी संघका अध्यक्ष भेषराज बरालले सो साधारण सभाको उद्घाटन गर्दै विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको कारण आर्थिक कारोवार गर्ने संस्थाहरु सवै भन्दा बढी मारमा परेको बताउनुभयो। विश्वाका २२१ राष्ट्रहरुमा सहकारी संस्था कृयाशिल रहेको जानकारी दिंदै उहाँले समृद्धि र रोजगार सिर्जना गर्नका लागि सहकारीको संख्या नभई शेर पुँजी वृद्धि गर्नुपर्ने आवश्यकता औल्याउनुभयो । पोखरा महानगर सहकारी समितिका सदस्य राधीका शाही योगीले सहकारीहरुले प्राप्त गरेको कार्य क्षेत्रमा आप्ना गतिविधि बढाउँदै महिलालाई आयआर्जनसंग जोडने खालका गतिविधि सञ्चालन गर्नुपर्ने बताउनुभयो । महानगर सहकारी संघका उपाध्यक्ष लक्ष्मण कोइरालाले नविनतम प्रविधि सहित उत्पादनमा सहकारी बीच प्रतिष्पर्दा हुनु पर्ने आवश्यकता औल्याउनुभयो । संस्थाका सल्लाहकार संयोजक एवम् कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिल शाहीले सहकारी समाजका विपन्न वर्गको जिविकोपार्जनसंग जोडिनु पर्नेमा जोड दिनुभयो।



समारोहमा संस्थामा एक बर्षसम्म कारोवार गर्नेमध्ये असल ऋणीतर्फ भक्तबहादुर गुरुङ र असल कारोवारीतर्फ विनिता जिसीलाई सम्मान गरिएको थियो ।

बार्षिक साधारण सभाले संस्थाका अध्यक्ष बासुदेव पौडलले सांगठानिक, नितु शाहीले आर्थिक, रुकुम बहादुर जिसीले लेखा प्रतिवेदन र संस्थाका निवर्तमान अध्यक्ष हरिप्रसाद बाँस्तोलाले प्रस्तुत गर्नुभएको शेयर सदस्य सहयोग कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ पारित गरेको छ । कार्यक्रममा संस्थाका सल्लाहकार बिष्णुबहादुर द्धारे, घारीपाटन सहकारीका सचिव लिलबहादुर जिसी, उपाध्यक्ष पवित्रा जि.सी, सचिव गणेश श्रेष्ठ, सञ्चालक कमल पौडेल लगायतले सहकारीको आवश्यकता र महत्व माथि प्रकाश पार्नु भएको थियो।

कोरोना कहरका बीच असोज १७ गतेदेखि शुरु भएको साधारण सभा आज सम्पन्न भएको हो । चारसय तीन जना शेयर सदस्य रहेको संस्थाको साधारण सभाले ७० बर्ष उमेर पुगेका शेयर सदस्यको मासिक वचतको रकम आवश्यकता अनुसार फिर्ता गर्ने समेत निर्णय गरेको छ।

# पाल्पाली समाज पोखराको शुभकामना आदानप्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**



पाल्पाली समाज पोखराले दसैं, तिहार, नेपाल संवत, छठ अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ।

कार्यक्रममा पोखरा विश्वविद्यालयका पूर्व उपकुलपति डा. केशरजंग बरालले दसैं तिहार लगायतका पर्वको महत्वबारे प्रकाश पार्दै यी पर्वले आपसमा भाइचाराको विकास गर्ने बताए। उनले पाल्पाली समाज पोखराले गरेका गतिविधि प्रशंसनीय रहेको बताउँदै संस्थाको अझ प्रगतिको कामना गरे।

कार्यक्रममा समाजका पूर्व अध्यक्ष एवं पाल्पाली बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष चिरञ्जीवी श्रेष्ठ, पूर्व अध्यक्ष एवं सल्लाहकारहरु ताराप्रसाद पोखरेल, जगदीश गौतम, नारायणप्रसाद पौडेल, कुलप्रसाद घिमिरे लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । समाजका अध्यक्ष रेशम रचकको अध्यक्षतामा भएको कार्यक्रममा प्रथम उपाध्यक्ष बालचन्द्र परियारले स्वागत र महासचिव केशव नेपालले सञ्चालन गरेका थिए । सम्पर्क समाजमा सबैभन्दा जेठो संस्था पाल्पाली समाज पोखराले सदस्यको हितमा विविध गतिविधि सञ्चालन गर्दै आएको छ। संस्थाले सहकारी सञ्चालन गर्दै आएको छ भने छिट्टै पाल्पा हाउस खोल्ने तयारीमा छ।

# 'छाब्दीलाई प्रमुख धार्मिक पर्यटकीय गन्तव्य बनाइने'

**पोखरापत्र संवाददाता**
**दमौली, २४ असोज**

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले पवित्र तीर्थस्थल छाब्दीको विकासका लागि प्रतिबद्ध रहेको बताउनुभएको छ। तनहुँको व्यास नगरपालिका-१४ स्थित छाब्दीवाराही विकास कोषले आइतबार आयोजना गरेको शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले छाब्दीलाई नेपालकै प्रमुख धार्मिक पर्यटकीय गन्तव्य बनाउने अभियानलाई प्रभावकारी बनाउन आग्रह गर्नुभयो । भन्नुभयो, "छाब्दीलाई जिल्लाको र गण्डकी प्रदेशको मात्र नभई देशकै प्रमुख धार्मिक गन्तव्य बनाउने अभियानमा म विगतदेखि नै लागेको छु, भविष्यमा पनि दत्तचित्त भएर लाग्नेछु ।" मन्त्री श्रेष्ठले छाब्दीको विकासका लागि रु ५० लाखदेखि रु एक करोडसम्मको बजेट विनियोजन गराउने आश्वासन दिनुभयो।

फरक प्रसङ्गमा उहाँले बेरोजगार युवालाई रोजगारी दिनका लागि कार्ययोजना बनाएर अघि बढ्ने बताउनुभयो । कार्यक्रममा छाब्दीवाराही विकास कोषका अध्यक्ष थानबहादुर थापाले छाब्दीको विकासका लागि गुरुयोजना बनाइएकाले सहयोगका लागि सरकारसँग आग्रह गर्नुभयो

# च्याङ्ग्राको माग पनि उच्च, मूल्य पनि उच्च

**पोखरापत्र संवाददाता**
**गलकोट, २४ असोज**

आठ दिनको हिँडाइपछि मुस्ताङबाट २५ च्याङ्ग्रा लिएर व्यापारी रामबहादुर खत्री बागलुङ आउनुभयो । बडादसैंमा च्याङ्ग्राको माग उच्च भए पनि भाउ निकै महँगिएको छ।

यसपटकको दसैंमा उहाँले पहिलो पटक मुस्ताङका भेडा, च्याङ्ग्रा बागलुङ भित्र्याउनुभएको छ। जिल्लाका एक दर्जन व्यापारी दसैंका अवसरमा भेडा, च्याङ्ग्रा लिन हिमालपारीको जिल्ला मुस्ताङ पुग्ने गरे पनि यसपटक थोरै व्यापारी मात्रै हिमालपारी च्याङ्ग्रा लिन पुगेका छन् । तिब्बतबाट च्याङ्ग्रा नआउँदा मुस्ताङका सीमित च्याङ्गा भेडा बजार ल्याइएको छ।

अहिले मुस्ताङका अधिकांश भेडा, च्याङ्ग्रा पोखरा पुर्याइने गरेको छ । केही वर्षअघि सम्म बागलुङमा मात्रै दुइदेखि तीन हजार भेडा, च्याङ्ग्रा भित्रिने भए पनि अहिले त्यसको सङ्ख्या घटेर पाँच/सात सयमा झरेको छ।

मुस्ताङमै भेडा च्याङ्ग्राको मुल्य बढी भएका कारण थोरै मात्रा भेडा च्याङ्ग्रा लिएर बागलुङ आएको व्यापारी खत्रीले बताउनुभयो । "मुस्ताङमै एउटा च्याङ्ग्राको मूल्य ३२ हजार पर्यो, एक दुई हजार नाफा खानै पर्यो बागलमा ३६ हजारमा च्याङ्ग्रा बिक्री गर्ने योजना रहेको छ" उहाँले भन्नुभयो "च्याङ्ग्रीलाई समेत १७ हजार बढी मुल्य पर्ने भएको छ, आठ दिनको हिडाई निकै कष्टकर छ, तिब्बतबाट च्याङ्ग्रा नेपाल नआए आगमी दिनमा च्याङ्ग्राको मुल्य छोइ नसक्नु हुने छ।" मुस्ताङ पुगेका व्यापारी महेन्द्र केसी र अम्मर बहादुर क्षत्रीले बागलुङ तर्फ च्याङ्गा लिएर आउदै हुनुहुन्छ। अहिले जिल्लामा च्याङ्ग्राको मासु प्रतिकेजी रु एक हजार ८०० कारोबार सुरु भएको छ । हिमालीक्षेत्रमा जडीबुटी खाएर हुर्केका भेडा, च्याङ्ग्राको मासु स्वादिष्ट हुने गर्दछ। अन्य चाडपर्वमा खसी बोका र कुखुराको मासुको माग हुँने भए पनि वडा दशैमा च्याङ्ग्राको मासु खाने तथा कोसेली लैजाने परम्परासमेत छ।

# नेपालमा कोरोना संक्रमण ६० प्रतिशतले घट्यो

**रासस**
**काठमाडौं, २४ असोज**

नेपालमा कोरोना भाइरसको सङ्क्रमण ६० प्रतिशतले घटेको जनाइएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालये ६० प्रतिशतले सङ्क्रमण घटेको जनाएको हो । मन्त्राययका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले एक महिनाका बीचमा ६० प्रतिशतले सङ्क्रमण घटेको जानकारी दिनुभयो। उहाँका अनुसार भदौको पहिलो साता ४० हजार ३३८ जना सक्रिय सङ्क्रमित रहेकामा अहिले असोजको पहिलो साता त्यो सङ्ख्या १५ हजार ९४२ पुगेको छ।

उहाँले यो सङ्क्रमणमा उल्लेख्य कमी देखिएका कारणहरूमध्ये कोरोना भाइरस विरुद्धको खोपको पनि योगदान रहेको बताउनुभयो । साथै भाइरसबाट बच्न नेपाल सरकारले अख्तियार गरेको नीति तथा सर्वसाधारणले जनस्वास्थ्यका मापदण्ड लागु गर्नु सङ्क्रमण घट्नुको अर्को कारण भएको उहाँले बताउनुभयो । शनिबार मात्र १२ हजार ३१ जनामा कोरोना परीक्षण गर्दा ७६० जनामा सङ्क्रमण देखिएको थियो। अहिले कुल परीक्षणमा ७ प्रतिशत मात्र सङ्क्रमण देखिने गरेको उहाँले बताउनुभयो। शनिबार सक्रिय सङ्क्रमित १५ हजार ३४० जना रहेका थिए। पाँच सयभन्दा बढी सङ्क्रमित हुने जिल्लामा मोरङ, सुनसरी, झापा, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की र रुपन्देही रहेका छन्। नेपालमा सङ्क्रमण दर १८.७ प्रतिशत र सङ्क्रमणमुक्त हुने दर ९६.७ प्रतिशत रहेको छ । त्यस्तै नेपालमा कोरोना भाइरस विरुद्धको खोप लक्ष्यअनुसार लगाएको पाइएको छ। असोज मसान्तसम्म कुल जनसङ्ख्याको ३३ प्रतिशत जनसङ्ख्यालाई खोप लगाउने लक्ष्य रहेकोमा अहिलेसम्म पहिलो मात्रा ४० प्रतिशत र पूर्णमात्रा ३२ प्रतिशतलाई लगाइएको मन्त्रालयका प्रवक्ता डा पौडेलले जानकारी दिनुभयो । यसरी सरकारको लक्ष्यअनुसार नै नागरिकले खोप पाउने सुनिश्चित भएको छ। पहिलो मात्रा ८७ लाख दुई हजार ७०५ र पूर्णमात्रा ६९ लाख ६२ हजार १६४ जनालाई लगाइएको छ । १८ वर्षभन्दा माथिका दुई करोड १७ लाख ५६ हजार ७६३ जनालाई खोप लगाउने सरकारको लक्ष्य रहेको छ।

यस्तै काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुरमा पहिलो मात्रा ८१ प्रतिशत र पूर्णमात्रा ७४ प्रतिशतलाई लगाइएको छ । यस्तै उपत्यकामा १७ लाख ४५ हजार ५७० जना र पूर्ण मात्रा १७ लाख ७९ हजार ८९७ जनालाई लगाइएको छ । उपत्यकामा १८ बर्षमाथिका २१ लाख २९ हजार ७७३ जना रहेका छन्।

नेपालमा अहिलेसम्म सङ्क्रमणमुक्त हुने नागरिक सात लाख ७५ हजार ७२ जना छन् भने सङ्क्रमणबाट ११ हजार २२१ जनाको निधन भइसकेको छ। हाल देशभर ३१७ जना सघन उपचार कक्ष (आइसीयू), ११३ जना भेन्टिलेटर, १४ हजार १६८ जना होम आइसोलेसन, एक हजार १७२ जना संस्थागत आइसोलेसन र २३६ जना क्वारेन्टिनमा रहेका छन्।

# जनताको काममा ढिलासुस्ती नगर्न श्रममन्त्री श्रेष्ठको निर्देशन

**पोखरापत्र संवाददाता**
**दमौली, २४ असोज**

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले जनताको काममा ढिलासुस्ती नगर्न तनहुँका कार्यालय प्रमुखलाई निर्देशन दिनुभएको छ । मन्त्रीमा नियुक्त भएर गृहजिल्ला आएको अवसरमा जिल्ला समन्वय समितिमा आज आयोजित कार्यालय प्रमुखसँगको बैठकमा श्रेष्ठले सेवाग्राहीलाई सरल तरिकाले सेवा दिन कर्मचारीलाई निर्देशन दिनुभएको हो।

कर्मचारी भनेको स्थायी सरकार भएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले भन्नुभयो, "लोकतन्त्रका लागि सुशासन पहिलो प्राथमिकता हो, कार्यालयले प्रवाह गर्ने सेवा सुशासनमुखी हुनुपर्छ।" मन्त्री श्रेष्ठले सरकारी कार्यालयमा ढिलासुस्ती नगर्न कार्यालय प्रमुखको ध्यानाकर्षण गराउनुभयो । "निर्धक्क भई आफ्नो काम, कर्तव्य पूरा गर्नुहोस्, कसैको दबाबमा काम नगर्न र आफू पनि लज्जित हुने काम नगरी कुनै राजनीति नगर्न निर्देशन दिन्छु", मन्त्री श्रेष्ठले भन्नुभयो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले जिल्लाको शान्ति सुरक्षा र समग्र वस्तुस्थितिका बारेमा मन्त्री श्रेष्ठलाई जानकारी गराउनुभयो । सो क्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुख, विभिन्न कार्यालयका प्रमुखको सहभागिता थियो।

## प्रदेश सरकार
## शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
## प्रदेश संग्रहालय
## गण्डकी प्रदेश पोखरा, नेपाल

# सिलवन्दी वोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०६/२५**

१. यस कार्यालयको लागि आ.व.२०७८/०७९ मा तपशिल वमोजिमको कार्य वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकाले सो सम्वन्धी कार्य गर्ने गरि दर्ता भएका इच्छुक फर्महरुबाट निम्न शर्तहरुको आधारमा रहि बोलपत्र आह्वान गरिएको छ।
२. बोलपत्रको ग्राह्यता (इलिजिविटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले बोलपत्रसाथ देहायका कागजातहरु पेश गर्नुपर्ने छ।
   क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
   ख) मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
   ग) आ.व. ०७७।०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
३. बोलपत्र फारामको देहायमा उल्लेखित दस्तुर बुझाई फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी समेत संलग्न गरि यस कार्यालयवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र खरिद गरि १६ औ दिनको १२ वजे भित्र सिलवन्दी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ।
४. सिलवन्दी बोलपत्र दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
५. सिलवन्दी बोलपत्र मान्य अवधि ४५ दिनको हुनेछ। बोलपत्रदाताले बोलपत्र साथ तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा 'क' बर्गको मान्यता प्राप्त बैकवाट बोलपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन भन्दा बढी अवधिको प्रदेश संग्रहालय पोखराको नाममा जारी गरिएको ग्यारेन्टी (विड वन्ड) को सक्कलै प्रति पेश गर्नुपर्नेछ नगद जमानतको लागि रा.बा.बैक शाखा पोखरा स्थित प्रदेश लेखा नियन्त्रक कार्यालय कास्कीको एकल धरौटी खाता नं ३०२०१००२०२०३०००० कार्यालय कोड नं. ३५०००३९०२४ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।
६. पेश हुन आएका बोलपत्र दाखिला गर्ने अन्तिम दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न वाधा पर्ने छैन।
७. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फारामा अर्को फर्मको नामवाट दाखिला गर्न पाइने छैन।
८. सूचनाको दफा २ बमोजिमका कागजातहरु नभएको रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै सर्त राखेको दस्तखत, छाप नभएको बोलपत्र उपर कारवाही हुने छैन।
९. सिलवन्दी बोलपत्र बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा/मंगलवार परेमा सो लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।
१०. सिलवन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। साथै बोलपत्रको सूचनामा कुनै संशोधन वा परिवर्तन भएमा यस कार्यलयको् सूचना पार्टिमा टांस गरिनेछ।
११. यो सूचनामा उल्लेख गरिए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

**नोटः संग्रहालय प्रत्येक मंगलवार बन्द र शनिवार खुल्ला रहनेछ।**

**तपशिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | वोलपत्र जमानत रकम | फारम दस्तर रु. | ल.ई. रकम (मु.अ. कर र कन्टेन्जेन्सी बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/७८/०७९ | प्रदर्शनी कक्षमा टायल लगाउने कार्य | २५,०००। | १,०००। | ८,३३,४२३।२९ | सिलवन्दी बोलपत्र |